स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विवाहपछि अभिनेत्रीको करिअर सुस्ताउँछ भन्ने मान्यतालाई गलत साबित गरेकी स्वस्तिमा खड्काले कमर्शियल र आर्ट हाउस दुवै धारका फिल्ममा उपस्थिति जनाएकी छन् । उनले व्यावसायिक सफलताको लोभमा कमर्शियल र अभिनय तथा चरित्रमा फरकपन पस्किन 'आर्ट' फिल्म रोज्ने गरेकी छन् । स्वस्तिमाको करिअरलाई सन्तुलित बनाइराख्न यी दुई धारका फिल्मको ठूलो भूमिका छ । अब उनी अभिनीत फिल्म 'ऐंचो पैंचो' आगामी भदौ १४ गतेबाट प्रदर्शनमा आउँदैछ ।

आजको विचार...



शंकरप्रसाद रिजाल

नागरिकता... (दुई पेजमा)



फिल्म 'कोतपर्व'को शीर्षमध्येको भूमिकामा अभिनेत्री बेनिशा हमाल अनुबन्धित भएकी छन् । निर्माता र अभिनेत्री हमालबीच लिखित सम्झौतामा हस्ताक्षर भएको छ । निर्देशक रिमेश अधिकारीले शीर्ष भूमिकामा बेनिशालाई लिइएको जानकारी दिए । तर उनले अभिनय गर्ने पात्रबारे खुलाइएको छैन । यसअघि पुरुष पात्रतर्फको प्रमुख भूमिकामा सौगात मल्ल र रमेश उप्रेती अनुबन्धित भइसकेका छन् । नेपाली राजनीतिमा जंगबहादुर राणाको उदय भएको मानिने घटना कोतपर्वको विषयवस्तुमा फिल्म निर्माण हुन लागेको हो । यो घटना १९०३ असोज २ गते भएको थियो ।

❑ वर्ष २९ ❑ अंक १३ ❑ २०८० साउन १३ गते शनिबार 29 July 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भारी वर्षाको सम्भावना

**पाल्पा,** साउन १२/पछिल्लो केही दिन यता नेपालमा मनसुनी वायुका साथै भारतको उडिसा र आन्ध्रप्रदेश आसपास रहेको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव परेको छ । त्यसको प्रभावका कारण देशका अधिकासं स्थानमा वर्षा भइरहेको र केहिमा हुने सम्भावना रहेको जनाइएको छ । मनसुनको न्यून चापीय रेखा सरदर स्थानको दक्षिणतिर अवस्थित छ । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार उक्त मौसमी प्रणालीको प्रभावले हाल देशभर आंशिकदेखि सामान्य बदली रही कोशी र बागमती प्रदेशका थोरै स्थानमा साथै गण्डकी र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशसहित देशका पहाडी भू-भागका केही स्थानमा तथा बाँकी भू-भागका थोरै स्थानमा मेघगर्जन चट्याङसहित भारी वर्षाको समेत सम्भावना रहेको मौसम विभागले जनाएको छ । रातिको समयमा पनि कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशसहित देशका पहाडी भू-भागका केही स्थानमा तथा बाँकी भू-भागका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

# मासिँदै प्राचीन पोखरी

● मानव जीवनसँगै पशुपक्षीको अस्तित्व पनि सकटंमा ● स्थानीय सरकारको मनोमानी ● पोखरी मासेर धमाधम संरचना निर्माण

**रामविकास चौधरी (रासस)——**

**लुम्बिनी,** साउन १२/मर्चवारी गाउँपालिका-२ अमवास्थित प्राचीन पोखरी लोप हुने अवस्थामा छ । लुम्बिनी प्रदेश सरकारको ३६ लाख अनुदान रकमबाट गाउँपालिकाले सो पोखरी (सगरा) पुरेर खेलमैदान निर्माणको क्रममा छ । तिलोत्तमा नगरपालिकाले मदरहनी गाउँको मध्यभागमा रहेको धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वको पानी पोखरीमा ११ नं वडा कार्यालयको भवन निर्माण गरी कार्यसञ्चालन भइरहेको अवस्था छ । कोटहीमाई गाउँपालिका-५ मझगावा मर्चवारस्थित प्राचीन पोखरी ओगटेर पूर्वतर्फ गाउँपालिकाको प्रशासनिक भवन, उत्तर बहुउद्देश्यीय सभाहल र दक्षिणतर्फ खानेपानी ट्याङ्की लगायतको संरचना छ ।



सम्मरीमाई वडा नं ४ फरेनागाउँबाट उत्तरतर्फको सार्वजनिक पानी पोखरीमा गाउँपालिकाको प्रशासनिक भवन ठड्याइएको छ भने सोही पालिका वडा नं १ बरवासेस्थित पोखरी पुरेर खानेपानी ट्याङ्की र वडा कार्यालयसँगै स्वास्थ्यचौकी भवन बनाई कार्यसञ्चालनमा छ । सम्मरीमाई-७ बेतकुइयाँ गाउँमा रहेका सातमध्ये तीनवटा गड्हा-पोखरी अस्तित्वमा छैनन् । दुईवटा कृषक आदर्श माध्यमिक विद्यालयले पुरेर भौतिक संरचना खडा गरेको छ । गाउँमा बाँकी रहेका अन्य चारवटा पोखरी र एउटा नाला पनि अतिक्रमित हुँदै लोपोन्मुख अवस्थामा छ । 'पोखरी' तालको सानो स्वरुप हो । यसले प्राकृतिक वातावरणमा पानी भरिएको ठाउँलाइ सूचित गर्दछ । यसले प्राकृतिक सुन्दरता र शान्तिको अनुभव गराउँछ । खानेपानी हुँदै कृषि सभ्यता र निर्माणको क्रममा यसको सिर्जना भएको पर्यावरणविद् डा. सतिस उपाध्यायले बताए । सिमसार तथा वातावरण सम्बन्धी राष्ट्रिय नीति तथा अन्तर्राष्ट्रिय सन्धिहरूले 'सिमसार तथा जलाधार क्षेत्रभित्र पर्ने जग्गामा उत्खननजन्य कार्य गर्न गराउनबाट रोक्छ । र त्यस्ता क्षेत्रहरूको संरक्षण गर्नुपर्छ' भन्छ । तर त्यसका विपरीत स्थानीय सरकारको मनोमानी यहाँ रोकिएको छैन ।

तिलोत्तमा नगरपालिका-११ मदरहनीका ७३ वर्षीय झलक शर्माका अनुसार तीन दशकअघिसम्म झण्डै दुई बिघामा फैलिएको पोखरी अहिले १६-१७ कठ्ठामा खुम्चिएको छ । बढ्दो आवादीसँगै साँघुरिँदै बाँकी रहेको भाग पनि मास्दै नगरपालिकाले वडा नं ११ को कार्यालय भवन बनाएको छ । 'निर्माणकार्य हुँदै गर्दा पर्यावरणको ख्याल गरिएको छैन', उनले भने, 'निर्माणपछि सिँचाइ र धार्मिक अनुष्ठानलगायतका कार्य प्रभावित भएका छन् ।' उनका अनुसार निर्माणकार्य हुँदै गर्दा सिँचाइ, जलचर तथा पोखरीको पुरातात्विक महत्वसमेतको ख्याल गरिएको छैन । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्व विभाग ( स्मारक संरक्षण शाखा)ले २०७६ माघ १३ गते तिलोत्तमा नगरपालिकाको नाममा एक पत्र पठाइ निर्माणकार्य रोक्का गरिराख्ने आदेश गरेको थियो । अदालतको सो आदेशका बाबजुद पनि भवन निर्माणकार्य रोकिएन । 'हाम्रो जीवनमा पोखरीको निकै महत्व छ । केही वर्ष पहिला गाउँ समाज मिलेर पोखरीको संरक्षण गरिन्थ्यो अब भने त्यस्तो छैन', मर्चवारी-३ मधुबनियाका ५२ वर्षीय दीपचन्द यादवले भने, 'गाउँमा गडहा-पोखरीको अस्तित्व नै संकटमा छ, यसले जनजीवन प्रभावित बनाएको छ ।'

(...बाँकी अन्तिम पेजमा)

# आज विश्व बाघ दिवस मनाइँदै




**पाल्पा,** साउन १२/नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी आज विश्व बाघ दिवस मनाइँदै छ । संरक्षणमूलक संघसंस्था, निकुञ्ज विभाग लगायतले विभिन्न कार्यक्रम गरी विश्व बाघ दिवस मनाउँदैछन् । बाघको संरक्षणार्थ उनीहरूको बास स्थलको संरक्षण, बाघको संख्यामा आएको ह्रासबारे जनचेतना वृद्धि, उनीहरूको संरक्षणका मुद्दाहरूको उठानका साथै बाघ संरक्षणमा भएका प्रयासहरूको सराहना र प्रोत्साहन गरी हरेक वर्ष जुलाई २९ तारिख अर्थात् आजको दिन यो दिवस मनाउने गरिएको हो ।

सन् २०१० मा रुसको सेन्ट पिटर्सबर्गमा भएको बाघ पाइने विभिन्न १३ मुलुकका राष्ट्र र सरकार प्रमुखको सम्मेलनले विश्वमा बाघको संख्या दोब्बर पुऱ्याउने संकल्प गरेको थियो । सो संकल्प अनुसार नेपालले हरेक वर्ष बाघ संरक्षणका विषयमा चासो दिदै यो दिवस मनाउने गरेको छ । बाघलाई संसारभर प्रतिकात्मक प्राणीको रूपमा लिने गरिन्छ । प्राकृतिक सम्पदाको रूपमा रहेको बाघलाई सांस्कृतिक तथा ऐतिहासिक दृष्टिकोणले पनि महत्वपूर्ण मानिन्छ । हाम्रो जैविक प्रणालीलाई सन्तुलनमा राख्न पनि यसले योगदान पुऱ्याउँछ । खाद्य शृङ्खलामा बाघ मुख्य सिकारी जनावर भएका कारणले जनावरलाई नियन्त्रणमा राखी वातावरण सन्तुलनमा यसको उल्लेखनीय योगदान रहन्छ । नेपालमा बाघ संरक्षणका लागि सरकारले वार्षिक करोडौं बजेट समेत विनियोजन गर्दै आएको छ । पछिल्लो समय बाघहरुको उचित व्यवस्थापन नहुँदा विगतको तुलनामा संख्यामा कमी आएको छ ।

(...बाँकी अन्तिम पेजमा)

# तानसेनको अमर नारायण मन्दिरका पुजारीमाथि कुटपिट

**तानसेन,** साउन १२/तानसेन नगरपालिका-२ नारायणस्थानमा रहेको अमर नारायण मन्दिरका पुजारी माथि कुटपिट भएको छ । मन्दिरमा गएका एक युवकले मूल पुजारी ५० वर्षीय फडिराज लम्सालमाथि कुटपिट गरेका हुन् ।

बुधबार विहान तानसेन -१ गैरगाउँका २८ वर्षीय शिशिर बरालीले मुख्य मन्दिर भित्र जवरजस्ती प्रवेश गर्न खोज्दा रोक्ने क्रममा पुजारी लम्साललाई कुटपिट गरेका थिए । मन्दिर व्यवस्थापन समितिले मूख्य मन्दिरभित्र पुजारी बाहेक कोही पनि जान नपाउने व्यवस्था गरेको छ । ति युवक भने जवरजस्ती मन्दिरभित्र प्रवेश गर्न खोज्दा पुजारीले रोकेका थिए । रोक्न खोज्दा खोज्दै युवकले आफुमाथि हातपात गरेको पुजारी लम्सालले बताए । उनले भने 'मुख्य मन्दिर भित्र पुजारी बाहेक कोही पनि जान नपाउने नियम छ, ति युवक आएर जवरजस्ती मन्दिर भित्र प्रवेश गर्न



खोज्दा मैले जान मिल्दैन बाहिरैबाट दर्शन गर्नुहोस् भनेर सम्झाउने काम गरे तर उहाँले म माथि एक्कासी आक्रमण गर्नुभयो ।' पुजारीलाई हातपात गरी युवक मन्दिरभित्र प्रवेश गरेका थिए । पुजारी लम्सालले भने 'मलाई हातपात गरेपछि मैले उहाँलाई मन्दिरभित्रै थुनेर प्रहरीलाई खबर गरेको हुँ ।' हातपात गर्दा पुजारी लम्सालका दुई वटा दात हल्लिएका छन् । ति युवक रक्सी खाएको र मानसिक सन्तुलन समेत गुमेको जस्तो देखिएको पुजारीले बताए ।

हातपात गर्ने युवकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । उनलाई अभद्र व्यवहार गर्न नहुने कसुर अपराध सम्बन्धी मुद्दामा म्याथ थप गरी आवश्यक अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए । धार्मिक स्थल जस्तो पवित्र स्थानमा आएर पुजारीमाथि हातपात गर्नु दुखद् भएको हिन्दु महासंघ पाल्पाका सल्लाहकार तथा लुम्बिनी प्रदेश सदस्य धर्मचन्द्र नेपालले बताए । ति युवक साउन ५ गते पनि मन्दिरभित्र प्रवेश गर्न खोजेको पुजारी लम्सालले बताए । छोरामाथि पनि युवकले हातपात गरेको उनले बताए । मन्दिरमा आउने भक्तजन, मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरुलाई समेत टाउँकोमा हान्दै आर्शिवाद दिन आग्रह गर्ने गरेको बताइएको छ ।

गुल्मीको मालिका गाउँपालिका-७ घर भएका पुजारी लम्सालले गत वर्षको जेठदेखि मन्दिरमा पुजाआजा गर्दै आएका हुन् । यहाँको मन्दिर काजी अमरनारायण सिंह थापाले नेपाल अग्रेज युद्धको समयमा विस १८६३ सालमा निर्माण गरेका थिए । मन्दिरमा बहुमुल्य काठबाट कुदिएका काष्ठकलाहरु रहेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बाघ दिवसको सार्थकता

जुलाई २९, अन्तर्राष्ट्रिय बाघ दिवस विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । बाघ संरक्षण सम्बन्धी जनचेतना फैलाउने मुख्य उद्देश्यले प्रत्येक वर्ष अन्तर्राष्ट्रिय बाघ दिवस मनाइन्छ । बाघ प्रकृतिको निःशुल्क उपहारमात्र होइन, प्रकृतिमा पाइने प्रजातिहरूमध्ये सबैभन्दा सुन्दर प्रजाति पनि हो । प्राकृतिक सम्पदाको रुपमा रहेको बाघलाई सांस्कृतिक र ऐतिहासिक रुपले पनि महत्व मानिन्छ । वातावरण सन्तुलनमा यसको महत्वपूर्ण योगदान छ । बाघलाई मात्रै बचाउन सके अरू धेरै प्रजातिलाई स्वतः बचाउन सकिन्छ, तर हिजो आज भने जनसंख्या वृद्धि र मानवीय गतिविधिका कारण विश्वमा बाघको संख्या दिनप्रतिदिन घट्दो छ । हाल विश्वका १३ देशमा मात्र बाघ पाइन्छ र करिब चार हजार बाघ रहेको अनुमान छ । बाघ पाइने देशहरूले गरेका संरक्षणका अथक प्रयासहरूका बाबजुद बासस्थानको नाश, बढ्दो मानव–वन्यजन्तु द्वन्द्व, चोरीसिकार तथा बाघका अङ्गको अवैध व्यापार, जलवायु परिवर्तनका जोखिम र रोगव्याधीले गर्दा बाघ संरक्षणका चुनौती दिनप्रतिदिन थपिँदै छन् । बेलाबखत मानिसलाई बाघले आक्रमण गरी क्षति पुऱ्याएको दुःखद समाचार पनि आउने गरेका छन् । यसो भन्दैमा बाघको सरंक्षण गरिनुहुन्न भन्ने हैन । बाघको उचित किसिमले संरक्षण गर्न सकियो भने पनि बाघको आक्रमणबाट हुने क्षति रोक्न सकिन्छ ।

विश्वको तुलनामा नेपालमा बाघको संख्यामा केही वृद्धि भएको छ । यसको उचित व्यवस्थापन गरिएन भने मानवी क्षतिलाई पनि अवश्य बढाउन सक्छ । बाघ संरक्षणसँगै मानवीय क्षति कम गर्ने कुरामा पनि उत्तिकै ध्यान दिनुपर्छ । लोपोन्मुख वन्यजन्तुका लागि उपयुक्त बासस्थान संसारका धेरै ठाउँमा उपलब्ध छैनन् । नेपालमा तिनको संरक्षण गर्ने, लोप हुन नदिने कार्यक्रम सञ्चालन गर्न जरुरी छ । त्यसका लागि बासस्थान बढाउनेदेखि वन्यजन्तुको चोरी/सिकार र अवैध व्यापार नियन्त्रण गर्नुपर्छ । अब सरकारी तवरबाटै बाघको संरक्षणसँगै समुदायको हितलाई केन्द्रमा राख्ने गरी कार्यक्रम बनाउनुपर्छ । बाघ जस्तै अन्य वन्यजन्तुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरेर आर्थिक समृद्धि गर्नु आजको आवश्यकता हो । यसो गर्न सकियो भने मात्र हरेक वर्ष जुलाई २९ मा विश्वभर मनाइने अन्तर्राष्ट्रिय बाघ दिवसले सार्थकता पाउनेछ ।

### Opinion @ Social Network

कसैले केही भन्दैमा केही फरक पर्दैन
किनकि त तिनीहरुको संघर्षले जिउने होइन त आफ्नो संघर्षले जिउने होस !
*(विपिन घिमिरेको फेसबुक स्टाटस www.facebook.com/Bipin.Ghimire)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नागरिकता निरन्तरताका संघर्षलाई सम्झँदा



## सुरेन्द्र नेपाल श्रेष्ठ

*देशमा जुन व्यवस्था भए पनि विदेशमा बस्ने नेपाली मूलका नागरिकहरूको नाता नटुटोस् भन्ने यो अहम् विषयलाई अन्य कुरासँग मिसमास गर्नुहुँदैन । यो नागरिकता विधेयक प्रमाणित भएपछि नेपाललाई सिक्किम र फिजी बनाउन बाटो प्रशस्त भएको छ भन्ने अति गैरजिम्मेवार भाषा बोलेर हाम्रो समस्या समाधान हुनेवाला छैन । त्यति मात्र होइन हुण्डी मार्फत पैसा पठाउने बेला नेपाली रुपैयाँ अलि बढी आउँदा खुशी मान्ने हामीले रेमिटेन्स ठप्प गर्ने धम्कीको भाषा बोल्नु उचित हुँदैन । अहिले सत्तामा भएको शक्तिले वा राजनीतिक दलहरूले हाम्रो वंशजको नागरिकता निरन्तर हुने संविधान निर्माण गर्न मानेनन् ।*

लामो प्रयासका बाबजुद पनि हामीले हाम्रो वंशजको नागरिकता निरन्तर राख्न सफल भएनौं । विदेशको नागरिकता प्राप्त गरेपछि स्वतः नेपालको नागरिकता रद्द हुने कानुन धेरै अगाडिदेखि नै थियो । अहिले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न विदेशको नागरिकता देखाउनुपर्ने व्यवस्था छ । संविधानमा यो प्रावधान व्यवस्था भएको आठ वर्ष भयो । नागरिकता सम्बन्धी विधेयक पास गर्ने प्रक्रियामा धेरै ठूला अनावश्यक संवैधानिक प्रश्न उठ्यो । नयाँ राष्ट्रपतिले प्रमाणित गरेको विधेयक लागू नगर्नु भन्ने अल्पकालीन आदेशलाई अदालतले पुनः अन्तरिम आदेश दिन इन्कार गरेपछि नागरिकता वितरण गर्ने काम सुचारु भएको छ । यस कानुनमा मिलाउनुपर्ने अनेक विषय छन् । गैरकानुनी ढंगले नागरिकता लिन प्रयास गर्नेहरू पक्राउ परेका पनि छन् । समयसँगै ती विषयमा सम्बोधन होला नै । हामी विदेशमा बसोबास गर्नेहरूलाई यो नयाँ कानुनले कुनै थप रोक लगाइएको छैन । संविधान अनुसार गैरआवासीय नेपाली नागरिकता पाउनेहरूले आवश्यक प्रक्रिया पूरा गरी नागरिकता लिन पाउने भएको छ । स्पष्ट रूपमा यो नागरिकता कसरी पाइन्छ भन्नको लागि नियमावली बनाउनुपर्नेछ । अहिले हाम्रो मुख्य ध्यान कसरी सरल र सहज नियमावली बनाउन सकिन्छ सुझावहरू दिनु नै हो । तर हामी केही अभियन्ता भन्नेहरू नै यो विषयलाई अति नै आक्रामक ढंगले उठान गर्न खोजिरहेका छौं । कुन एनआरएन आधिकारिक भन्ने प्रश्नसँग मात्र होइन गणतन्त्र कि राजतन्त्र भन्ने विवादको समेत विषय बन्न पुगेको छ हाम्रो नागरिकताको निरन्तरता सवाल ।

देशमा जुन व्यवस्था भए पनि विदेशमा बस्ने नेपाली मूलका नागरिकहरूको नाता नटुटोस् भन्ने यो अहम् विषयलाई अन्य कुरासँग मिसमास गर्नुहुँदैन । यो नागरिकता विधेयक प्रमाणित भएपछि नेपाललाई सिक्किम र फिजी बनाउन बाटो प्रशस्त भएको छ भन्ने अति गैरजिम्मेवार भाषा बोलेर हाम्रो समस्या समाधान हुनेवाला छैन । त्यति मात्र होइन हुण्डी मार्फत पैसा पठाउने बेला नेपाली रुपैयाँ अलि बढी आउँदा खुशी मान्ने हामीले रेमिटेन्स ठप्प गर्ने धम्कीको भाषा बोल्नु उचित हुँदैन । अहिले सत्तामा भएको शक्तिले वा राजनीतिक दलहरूले हाम्रो वंशजको नागरिकता निरन्तर हुने संविधान निर्माण गर्न मानेनन् । दुई तिहाइ बहुमत पुऱ्याउन सकियो भने यो प्रावधान जहिले पनि परिवर्तन हुनसक्छ । अहिले देशमा नयाँ खालको राजनीतिक सुनामी आएको देखिन्छ । अर्को निर्वाचनमा बहुमत ल्याउने भनिएको छ । स्वतन्त्र पार्टीबाट नेपालको कायापलट हुनेछ भन्ने विश्वास राख्ने साथीहरूलाई यस विषयमा पार्टीको धारणा के होला भनेर पटक-पटक प्रश्न गरेको छु तर आजसम्म जवाफ कतैबाट पनि पाइएको छैन । आजसम्म सदनभित्र वा बाहिर यसबारे कुनै छलफल उठान गरे जस्तो पनि लाग्दैन । पुराना नेताहरूलाई हरियो पासपोर्ट हुने गैरआवासीय नेपाली संघका नेताहरूले षड्यन्त्रमा पारेर यस प्रकारको नागरिकताको व्यवस्था गरिएको हो भन्ने किटानी भाषण सुन्न पाइएको छ । यो साबित गर्नको लागि रातो पासपोर्ट बोक्ने हामीले नयाँ नेताहरूलाई यस विषयमा सहमत गराउनुपर्दछ । नेपालमा जम्मा गरेको कालो सम्पत्ति ल्याएर विदेशबाट सेतो बनाएर पठाउनेहरूको पहिचान गरेर सम्बन्धित निकायमा कानुनी रूपमा उजुरी दिने कि यिनीहरूको मिलेमतोमा हामीले वंशजको नागरिकता गुमाउन परेको भनिरहने मात्र हो ? त्यसो त हामीलाई पूर्ण नागरिक बनायो भने सबैखाले ( देश बाहिर भित्र) नेताहरूको गुणगान मात्र गाएर बस्नुपर्ने हो त ? नेपालका एक वरिष्ठ अधिवक्ताको रिपोर्टर्स क्लबको पछिल्लो विचार सुन्दा त्यसको प्रतिवाद नगरी बस्न उचित लागेन । 'नेपालीहरूले अहिलेसम्म विदेशको नागरिकता प्राप्त गरे कानुनी रूपमा नेपालको नागरिकता खारेज भए पनि व्यावहारिक रूपमा दोहोरो नागरिकताको प्रयोग गरिरहन पाएका थिए । अब यो नयाँ संविधान कानुनले त्यसो गर्न नपाइने भयो । आफ्नो वंशजको नागरिकता बुझाएर नाममात्रको नागरिकता लिनुपर्ने भयो', उहाँ भन्दै हुनुहुन्थ्यो । उहाँले अन्य नेता पार्टीहरूलाई सराप्न प्रयोग गरेका भाषा त सुनिनसक्नु नै छ । हामीले धेरै वर्ष अगाडिदेखि आफूले सकेसम्म विदेशको नागरिकता लिएको भए पनि कुनै पनि कागजमा नेपालको नागरिकता प्रयोग नगरौं, पछि समस्या हुन सक्छ भन्दै आएका छौं ।

उजुरी नपरेसम्म अपराध गर्नेहरूलाई कानुनको दफाले आफैं समाउने होइन । कोही पक्राउ परेपछि मैले मात्र हो र ? अरुले पनि यस्तै काम गरेका छन् भनेर सजायबाट उम्कन पाउने पनि होइन । अहिले हामीले जुन विषय उठान गरिरहेका छौं, त्यसले गैरकानुनी ढंगबाट पुरानो नागरिकता वा पासपोर्ट प्रयोग गरे पनि हुन्छ भन्ने म्यासेज जान्छ । गत साता नेपालबाट बेलायत आउने तीन जनालाई पक्राउ गरी अध्यागमनको कस्टडीमा राखेर कारबाही गरिरहेका छन् । उनीहरूले नेपाल जाँदा र फर्किंदा दुई देशको पासपोर्ट प्रयोग गरेका थिए । अहिले दिने भनिएको गैरआवासीय नेपाली नागरिकता लिनै पर्छ भन्ने छैन तर 'मैले यो लिएको छैन पुरानो नै चलाइरहन्छु' भन्यो भने कुनै समय कानुनको फन्दामा पर्नेछौं । दोहोरो नागरिकताको प्रावधान नभएको देशमा बसोबास गर्नेहरूले यो नागरिकता लिन पाउने वा नपाउने भन्ने बारे पनि स्पष्ट भइसकेका छैनौं । सम्बन्धित देशले यसलाई परिचयपत्रको दर्जा मात्र दियो भने लिन सकिनेछ । हामीले अदालतमा मुद्दा गर्दा अमेरिकाको सर्वोच्च अदालतले सन् १९६७ मा Afroyim Vs Rusk को मुद्दामा गरेको एउटा फैसलालाई पनि आधार बनाएका थियौं । यो फैसलामा नागरिकहरूको इच्छा विपरीत निश्चित समयका लागि चुनिएका केही प्रतिनिधिले आफूलाई मत दिने नागरिकहरूको नागरिकता खोसिने गरी कानुन बनाउन नपाउने व्याख्या गरेको थियो । दोहोरो नागरिकताको व्यवस्था भएको देशहरूले यही नजिरलाई अवलम्बन गरेका हुन् ।

यो विषयमा धेरै कानुन व्यवसायी साथीहरूसँग सर्वोच्चको प्राङ्गणमा छलफल हुँदा प्रायः सबैले नेपालमा दोहोरो नागरिकता हुन सक्दैन भन्ने भाव देखाए । हामीले उठाएको विषयमा प्रवेश नै नगरी रिट खारेज भए पनि समयको दौरानमा केही नामुद कानुन व्यवसायी साथीहरूलाई हाम्रो पक्षमा बहस गर्न मञ्जुर गराउन सक्नुलाई पनि हामीले ठूलो उपलब्धि मानेका छौं । अहिले प्रायः सबैले तिनै साथीहरूलाई मञ्चमा बोलाएको देख्दा खुशी लाग्छ । अमेरिकामा पनि पहिला यही प्रकृतिको मुद्दा हारेका थिए । दश वर्षपछि अर्को मुद्दामा यस्तो फैसला गरेको थियो । अब हाम्रोमा पनि यो विषयले प्रवेश पाएको छ । धेरै साथीहरू लाग्न थालेका छन् । मेरो एउटै अनुरोध, अरुलाई दोष मात्र लगाएर आफूले जस पाउन त्यति सम्भव हुँदैन । सबै विषयमा स्वार्थ र षड्यन्त्र देख्ने हाम्रो नजरमा रहेको खोट हटाउन आवश्यक छ । दोहोरो नागरिकतालाई मान्यता नदिने देशहरूका नागरिकले अन्य देशको नागरिकता लिएपछि पुरानो नागरिकता अमान्य हुन्छ । तर हाम्रो नेपाल सरकारले संसारको कुनै पनि देशमा नभएको यस्तो कानुन निर्माण गरेर हामीलाई अनागरिक बनायो भनिरहेका छौं । यो अतिरञ्जनाले हाम्रो तर्कलाई कमजोर बनाइदिन्छ । हामीले हल गर्नुपर्ने अरु धेरै विषय छन् । हामीले वंशजको नागरिकता निरन्तर भनिरहँदा कति संख्याको सरोकारको विषय हो त्यो पनि मध्यनजर राख्न आवश्यक छ । कति नेपाली विदेशमा छन् भन्नेसम्म तथ्यांक नभएको अवस्थामा कतिले दोहोरो नागरिकता पाउने देशको नागरिकता लिएका छन् भन्ने संख्या पत्ता लगाउन त्यति सहज छैन । त्यसमा पनि हामी अरुभन्दा फरक भएकोले विशेष व्यवस्था गरिनुपर्छ भन्नेहरू पनि छौं । हिजो पनि उनीहरू आफूलाई गैरआवासीय नेपालीको परिभाषाभित्र परेकोमा खेद प्रकट गर्दथे । संसारभर फैलिएको संस्थाले एउटा विषयमा मात्र केन्द्रित रहनु उपयुक्त र तर्कसंगत पनि हुँदैन । प्रत्येक देश वा क्षेत्रमा फरक फरक समस्या छन् ।

गैरआवासीय नेपाली संघ भन्ने बित्तिकै दोहोरो नागरिकताको मात्र चर्चा चलाउनु अभियानको दृष्टिले पनि सही ठहरिंदैन । संस्थाभित्र विगत केही समयदेखि अलि ठूला खालका मतभेदहरू भएका छन् । सहकार्यका प्रयासहरू भएका छन् तर हाम्रा व्यक्तिगत सीमाका कारण त्यति प्रभावकारी बन्न सकेका छैनन् । यो विषयलाई निरन्तर रूपमा हामी सबैले सबैतिर उठाइरहनु भने अति आवश्यक छ । नागरिकताको त के कुरा गैरआवासीय नेपालीसम्म हैसियत नपाएका अमेरिका लगायत अन्य देशमा बसोबास गर्ने भुटानी शरणार्थीको पीडाले पनि अलिकति छुनुपर्छ होला हामीलाई ।तीन पुस्ता भन्दा अगाडिदेखि विदेशमा बसेका नेपालीको पनि नेपालसँग कति गाढा सम्बन्ध रहेछ भन्ने यथार्थता नेपालमा संचालित अहिलेसम्मकै सबैभन्दा ठूलो रियालिटी शो मेरो भ्वाइस र डान्स युनिभर्सले प्रमाणित गरेको छ । हामी बीस वर्षसम्म अभियान चलाउँदा पनि सधैं नपुग भएको मागमा मात्र केन्द्रित भइरहेका छौं ।

त्यसैले देशमा बस्नेहरूले हामीलाई बैगुनी पनि भन्ने गरेको सुनिन्छ । एउटा सानो समूहले आयोजना गरेको यस्तो प्रभावकारी कार्यक्रमले हाम्रो माग पूरा गर्न अवश्य पनि साथ पुग्छ । अझ बढी रचनात्मक कामहरू गरेर नेपालसँग हाम्रो 'नाभिसँगको नाता' कायम राख्दै हाम्रो सन्ततिको सीप र क्षमतालाई पनि 'पुर्खाको पौरख' सँग जोड्ने काममा लागौं । यस अभियानमा आइपर्ने बाधा-अड्चनहरू समयको गति सँगसँगै किनारा लाग्ने नै छन् ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नसोचेको ठाउँ बाट धन हात पर्नेछ। शुभारम्भको चर्चा पनि चल्नेछ । | **तुला** : मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । |
| **वृष** : सन्तानको मायामा कमी आउने छ। यात्रामा सावधानी अपनाउनु पर्नेछ। | **वृश्चिक** : कसैसंग मनमुटाव बढ्ला र सामान हराउने सम्भावना छ । |
| **मिथुन** : लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । | **धनु** : चिताएको कामले तीव्रता लिनेछ । नोकरीबाट मानसम्मान मिल्नेछ । |
| **कर्कट** : हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । पारिवारिक सुख मिल्नेछ । | **मकर** : अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइने छ । |
| **सिंह** : धार्मिक कार्यमा सरिक हुने सम्भावना छ । जटिल काम सम्पादन हुनसक्छ । | **कुम्भ** : जग्गाको कारोबारबाट राम्रो फाइदा हुनेछ। कार्यमा सफलता मिल्नेछ। |
| **कन्या** : पारिवारिक सुख मिल्नेछ । अध्यापनको क्षेत्रमा प्रगति पाउनु हुनेछ । | **मीन** : अवसरले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउने छन् । |

# साहित्य दर्पण

लघु कथा ● ईगम खालिङ

## रुखका पात



**रातिनिदाउने बेलासम्म मलाई आश्चर्य लागिरह्यो– मानिसहरू अर्को ग्रहमा पुगिसके तर यी आदिवासीहरू रुखका पातले खाना पकाएर खाँदा रहेछन् । जीवनभन्दा महँगो पातले पकाएका खाना खाएर आदिवासीहरू आदिवासी भएका रहेछन् । बिहानै उठेर मैले पर खेतका झम्म परेका केही रुखहरूलाई हेरेँ–सरर चलिरहेको हावाले रुखका पातहरू एक–एक गर्दै झारिरहेको थियो ।**

म एकदिन आदिवासीहरूको एउटा इलाकामा घुम्न गएको थिएँ । मसँग एकजना बहुभाषी आदिवासी मित्र पनि थियो । उनले मलाई त्यहाँका आदिवासीहरूका संस्कृति र अवस्था बारे जानकारी गरायो । मेरो मर्मको मान्छेलाई छुएर म विचलित बनेँ । त्यो एकदिन त्यत्तिकै बित्यो । कुनै अर्को एउटा दिन मनका अन्य जिज्ञासाहरूले मलाई त्यस इलाकाको मुटु छुन मन लाग्यो ।

घुम्दै जाँदा म एउटा यस्तो ठाउँ पुगेँ कि म डरले थरथर काम्गैं पनि–दुई दलमा बाडिएका आदिवासीहरू एकअर्कालाई धनुबाट तीर प्रहार गरिरहेका थिए । मलाई रामायण, महाभारत र इतिहासमा भएका तीर-धनुष युद्धको कल्पना आयो । एउटा मन अचम्भित थियो भने अर्को मनले भने प्रश्न गरिरहेको थियो–"मानिस मानिसमाझमा पनि यो आदिमता र आधुनिकताको पार्थक्य कसरी हुन गएको ?" उनीहरूको त्यो छोटो युद्ध सकेपछि मैले त्यहाँको एउटा फुच्चे केटालाई सोध्ने मौका पाएँ– उनीहरू त रुखका पातहरूका लागि झगडेका थिएछन् ।

राति निदाउने बेलासम्म मलाई आश्चर्य लागिरह्यो–मानिसहरू अर्को ग्रहमा पुगिसके तर यी आदिवासीहरू रुखका पातले खाना पकाएर खाँदा रहेछन् । जीवनभन्दा महँगो पातले पकाएका खाना खाएर आदिवासीहरू आदिवासी भएका रहेछन् । बिहानै उठेर मैले पर खेतका झम्म परेका केही रुखहरूलाई हेरेँ– सरर चलिरहेको हावाले रुखका पातहरू एक-एक गर्दै झारिरहेको थियो । जस्तो त्यहाँ एउटा पात भुइँमा झर्‍थ्यो त्यस्तै एउटा मुटु भुइँमा फटफटाएको जस्तो भान हुन्थ्यो । अहिले पनि मलाई रुखका पातहरू झरेको देख्दा डर लाग्छ र रुखबाट पातहरू नझरेका भए हुन्थ्यो जस्तो लागिरहन्छ ।

*-समकालीन साहित्य डटकम*


**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## कर तथा शूल्क संकलन सम्बन्धी सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

*दोस्रो पटक प्रकाशित मिति: २०८०/०४/१३*

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६१, ६२, एवं तानसेन नगरपालिकाको आर्थिक ऐन २०८० को दफा १८ व्यवस्था बमोजिम तानसेन नगर क्षेत्रभित्र तोकिएको स्थानमा पार्किङ्ग शूल्क संकलन गर्नका लागि १५ दिनको म्याद राखी यो दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र दरभाउपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

१. दरभाउपत्र चाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।
**२. दरभाउपत्र फारम खरिद गर्ने मिति :** सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र ।
**३. सिलवन्दी वोलपत्र/दरभाउपत्र दाखिल गर्ने मिति :** आ.व. २०७९/०८० सम्मका लागि नवीकरण भएको फर्म/कम्पनीको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, २०७८/०७९ सम्मको कर चूक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको दरभाउपत्र साथ संलग्न गरी सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजे सम्म । उक्तदिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट सोही समय भित्र रितपूर्वक पेश गर्नु पर्नेछ ।
**४. वोलपत्र/दरभाउपत्र खोल्ने समय :** सूचना प्रकाशित भएको मितिले १६ औं दिनको २ बजे दरभाउपत्र/वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
५. प्राप्त सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
६. दरभाउपत्र/वोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानीपत्र (परफरमेन्स वण्ड) मिति २०८१ साल साउन मसान्त सम्म म्याद भएको वैंक ग्यारेण्टी पेश गनुपर्ने छ ।
७. दरभाउपत्र स्विकृत भै सम्झौता भए पश्चात चलनचल्ती गर्ने जिम्मा दरभाउपत्रदाताको हुनेछ ।
८. तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम हुनेछ ।
९. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कूनै किसिमको मिनाहा छुट दिइने छैन ।
१०. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि २०८१ साल असार मसान्त सम्मको लागि मात्र हुने छ ।
११. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का सम्झौता गर्नु अगावै पेश गर्नुपर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्कातोडी क्रमश: दोश्रो, तेश्रो क्रमका दरभाउपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।
१२. ठेक्का अंक रकम एकमुष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ तर सो छुट दिँदा ठेक्का अंकको न्यूनतम रकम भन्दा कम हुने गरि घटाईने छैन ।
१३. दरभाउपत्र दाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा. बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।
१४. विस्तृत जानकारीको लागि कार्यालय समयभित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**दरभाउपत्र विवरण**

| ठेक्का नं. | कामको विवरण | न्यूनतम ठेक अंक (भ्याट वाहेक) रु. | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/ 02/080/081 | पार्किङ्ग शूल्क संकलन | ९,००,०००। | रु. १०००।०० | दरभाउपत्र |

*तानसेन नगरपालिका कार्यालय*


कथा ● टंकबहादुर आलेमगर

## स्टुल माथिको मान्छे

'टंकबहादुर !'
'हजुर सर...।'
'चिसो पानी ले त ।' अह्रायो लेखापालले । स्फूर्त टंकबहादुर पुग्यो पानी लिएर । 'मलाई होइन उहाँलाई ।' इसारा गर्छ लेखापाल सुनको चापटे चेन झुन्ड्याउने व्यक्तितिर । व्यक्तिको पोक्चे अनुहारले घोच्यो, टंकबहादुरको कोमल मनलाई । दिनहुँ देख्थ्यो, यस्ता मान्छे र भ्रष्टाचारी अधिकारीका बिच भएका अनैतिक कार्यहरू । यस्तै दृश्यले टंकबहादुर तातिइरहन्थ्यो । तर के गर्ने मन त छ नि निकृष्ट खेललाई तगारो हाल्ने । उपाय माले ।" 'टंके !' सम्बोधनले छिन्यो उसको अन्तर विद्रोहको आवेग । नामोच्चारण गर्ने टेबलमा उपस्थित हुन्छ । एक बिटो कागज दिँदै खरदार - "दुई सेट फोटोकपी गरेर फाइलिङ गर ।' कम्प्युटर इन्जिनियर साफी गर्‍या कागज दिँदै - 'पहिला हाकिमलाई यो कागज दे त ।' 'टंक भाइ ! भरै दश किलो चामल दोकानबाट मेरो डेरामा पुर्‍याइ देऊ ल ?' खरदारको विनायामको प्यारो शब्द फुट्दा मनमनै भन्यो –'काम खाने चिप्ले ।' यस्तै कार्यालयको कार्य प्रवृत्तिले ऊ भित्र तातो हुरी चलिरहन्थ्यो, तर हुरीले रद्दी टोक्रीको एक टुक्रो कागजसम्म उडाउन सकेको थिएन ।

पहुँचवाला ऊ जस्तै कर्मचारीहरू जाडोमा हिटर र तातोमा ए.सी.मा रमेका हुन्थे । गाडी दगुथ्यो दुई किलोमिटर दुई सय पचास ग्राम केराउ किन्न । चालक महासय आफ्नै इच्छाले किलोमिटर लेखेर तेल र मोबिलको फाल्तु पैसा लिन्थ्यो । सरकारी धन, हुती पुगे जति खन्छस् खन् । तर कुनैले खानु जानेर पचाउनु नजान्दा जागिर खोसिएर मामाघर हेर्न पर्दा घमाइलो हुन्थ्यो टंकबहादुरको आत्मा । आफ्नो स्तरलाई सोच्थ्यो साह्रै नमिठो पद, झरी यही माथि, घाम जुन यही माथि, हिउँ-तुसारो र शीत यही माथि । समय फेरिएर होला अलिक पर्दैन, हाकिमको सागसब्जी बोक्न, कुखुरा काट्न, मसला पिस्न, धोबीकोबाट लुगा स्त्री गरेर ल्याउन । तर अरू विभागमा त्यहाँ जस्तो मनपरी थिएन । मध्याह्न तिर अर्को कार्यालयमा चिठ्ठी पुर्‍याएर आको । स्टुलमाथि बसेर निधारको पसिना पुछ्न भ्या'छैन हाकिमको घण्टी बज्यो । 'हजुर सर !' भन्दै दैलो उघारेर हेर्‍यो । 'क्यासियर सरलाई बोला त ।' हाकिमको आदेश ।

काम सकेर स्टुलमाथि बस्यो र गालाको मयल माड्दै हेर्छ । महिला सहायक कर्मचारी फूलमाया दोक्चे ठेकेदारसँग पैसा माग्दै छ, फायल खोजेर निकालिदिएँ भन्दै । त्यसपश्चात् दुवै बार्दलीतिर गा'थे के भो थाहा भएन टंकबहादुरलाई । हिँड्न लागेको उही ठेकेदारलाई रामलाल सहायक कर्मचारीले तेस्रो पल्ट सलाम ठोक्यो । ठेकेदारले रामलालको पासवर्ड बुझेर एउटा नम्बरी दिएर गनगनाउँदै हिँड्यो, 'चोटादेखि सैरसम्म धूप दिएर के सक्नु । महिनै जस्तो समानको भाउ बढ्छ । बन्द, हडतालले काम हुँदैन, चन्दाको एलर्जी अलग्गै छ । भूमिमाथिबाट भूमिमुनिका सम्मलाई खुस राख्न पर्छ । अर्थी उठाउने देखि मान्छे जुटाउने समेतलाई, चन्दा दिन पर्छ । अनि हामीले कसरी दिने गुणस्तरीय कार्य ?' एक दिन बाटोमा दुई जना कुरा गर्दै थिए, 'तपाईलाई थाहा छ, म यहाँ सरुवा हुन ठुलै चारो दिएर आ'छु, ठुला माछाहरूलाई । महिनै पिच्छे मझौला माछा सम्म कमिसन नपुर्‍याए अर्कोतिरफ्याँकिने डर छ ।' 'साँच्चै हामी भ्रष्टाचारी बन्न विवश छौँ । घरको सदस्य समेत ल्याकतभन्दा बाहिरका फर्माइस् गर्छन् । पूरा भएन कि मनमुटाव सुरु । छिमेकीका उदाहरण दिँदै, पवित्र आत्मालाई दागी बनाउने तिर लाग्छन् ।' अर्कोले आफ्नै विवशता पोख्यो । टंकबहादुर उनीहरूकै पछि पछि जाँदै थियो डेरातिर । 'साँच्चै मान्छे विवश हुन्छन् भ्रष्टाचार गर्न ?' टंकबहादुरको मनमा खुल्दुली मच्चियो उनीहरूका कुरा सुनेर । 'फूलमायाले झैँ मुहान भेट्न पा'पो !' रामलाल आफ्नै चित्त नबुझ्या कुरा गर्छ । 'ए रामलाल !' टंकबहादुरले भन्यो, 'परायाको पैसासँग वायुसँगै आको हुन्छ र दुःख दिन्छ, घुस लिनेको घरमा । चित्त ठुलो पार राम्रो निद्रा लाग्छ । छोराछोरी सप्रिन्छन् ।' 'घुस दिएर कालो कामलाई गोरे बनाउनेलाई के भन्छस् ?' 'गोरे बनाउन होस् या टुकी धागोको आन्द्रो निकालेर माग्ने घुस होस् । घुस खान भएन ।' 'लौ तँचाहिँ जप्तै गर इमानदारीको माला' भन्दै रामलाल दगुर्छ अग्ले ठेकेदार आ'को देखेर ।

'ए टंके !'
'किन सर !'
'फूलमायालाई पानी दे त ।' फाँटवालाको स्वर । भेदभावको बलुले टंकबहादुरको आत्मा झन् कसियो । 'जो पनि पेल्ने सोझो पाए । त्यो मोटी कुन चाहिँ हाकिमनी हो, मैले पानी लगेर दिनू।' मनमनै भुत्भुतिँदै पानी दिँदै भन्छ, 'फूलमाया अलिक जीउलाई झाँट । फेरि अभिशाप बन्ला नि भतुवा मासु ।'
'टंक दादा कसरी घट्छ यो जीउ ?'
'कुर्सीमा मात्रै जम्न हुँदैन, अलिक फुर्ती हुनु पर्छ ।'
'मोर्निङ्वाक गर्छु र पनि घट्दैन मोटोपन ।'
'मोर्निङ्वाकसँगै वार्कवाक गर्नु पर्छ र पो घट्छ । कुमारीलाई देखेकी छौ ? एक्लै भियाउँछे त्यत्रो कार्यालय । अनि ऊ सुस्वास्थ्य नभए को हुने ? बेलैमा फेर व्यक्तिगत सभ्यतालाई । फेरि कुनै रोग लाइफ टाइम नबनोस् ।' भन्दै टंकबहादुर हिँड्यो हुलाकतिर । सधैँ झैँ यसपालि पनि कठोर जाडोलाई फ्याँक्न स्टुलमाथि टुसुक्क बस्यो टंकबहादुर । बाबुहरू भने तातो हावा फुक्ने हिटर ताप्न मस्त थिए । फूलमाया अझै मोटाकी छे । रामलालको ट्याम्के भुँडी अलिक उक्सेको थियो । खरदारसँग अर्को विभागको सुब्बा आएर गफ लडाउँदै थियो, घरायसीदेखि राजनैतिकका मैदान सम्मको ।
'टंकबहादुर !'
'हजुर सर !'
'मनतातो पानी ले त ।'
'एउटा कुरा भनौँ सर ।'
'भन्...।'
'तपाईं छेउमै रामलाल र फूलमाया हिटर ताप्दै छन् । छेउकालाई नअह्राई मलाई अह्राउनुको कारण के हो ?' टंकबहादुरले पक्षपातको मुखौटो च्यात्ने प्रयास गर्‍यो । 'चुप लागि पानी ले हामीलाई पाठ नसिका ।' 'आज म मेरै मात्र श्रमशोषण किन गरिँदै छ ? बुझेरै छोड्छु । यहाँ भइरहेको कमिसन प्रवृत्ति, नातावाद र कृपावादको फस्टाउँदो कार्यशैलीको प्रयोजन के हो ? म यहाँ मात्रै होइन केन्द्रसम्म गुन्जाउँछु ।' टंकबहादुरको तर्कसँगको भनाइले सबै छक्क परे । टंकबहादुर अझै भन्दै छ, 'हाकिमसँग यो प्रश्न राख्छु । समाधान भएन भने पत्रकार भेला पारेर भण्डाफोर गर्छु ।' 'मुखले भने झैँ सजिलो हुँदैन आरोप लाउन ।' लेखापाल हलमा आएर भन्छ । 'साक्षी म छँदै छु । छानबिन आयोगमा उजुर गरेर बाबुहरूको सम्पत्ति जाँच भो भने छुट्टिहाल्छन् दूध र पानी । मलाई भेदभावपूर्ण श्रम शोषणले भन्दा अझै राष्ट्रिय सम्पत्ति चुस्दै, कुकर्मको बल्छीले तान्दै देशलाई लुरे बना' परिस्थितिले सिस्नुपानी लगाइरहेछ । देश लुट्नेका डोके हो होसियार । समय आउँदै छ, ढिला सुस्ती र भ्रष्टाचारीको कुसंस्कार निर्मूल पार्न ।' 'ए टंके ला, पाँच सयको मासु लगेर खाओ, सबै परिवार मिलेर । तैँले भने झैँ यहाँ स्वच्छ र इमानदारीपूर्ण कार्यभन्दा अरू केही हुँदैन ।' भन्दै सुब्बाले पाँच सयको नोट दिन खोज्यो । 'मलाई भ्रष्टाचारी खुकुण्डी हरक आउने पैसाले छाद आउन खोज्छ । सरकारले दिएको पैसामा घर परिवार चलाउन सिकेको छु । मसँग टाउको भन्दा ठुलो टोपीको सपना छैन ।' टंकबहादुरको कुरो सुनेर खरदारले पैसा गोजीमा राख्यो । 'तँ जस्तो इमानदार मान्छेको धेरै खाँचो थियो । तर ठर्रा तान्नेलाई ह्विस्की मन पर्दैन भने झैँ हो ।' कटाक्ष गर्छ सुब्बा । 'मरेर पनि बेसारे चीललाई झैँ थुकिमाग्नु छैन । इमानको रुखमा बसेर काकाकुलले झैँ कराउनु राम्रो लाग्छ मलाई ।' टंकबहादुरले छाती फुकायो । 'उप्रान्त तैँले भेदभावपूर्ण शैलीको महशुस गर्ने छैनस् । न तेरो स्वाभिमानलाई प्रतिघात हुने कार्य हुने छ । यो कुरा हामी हाकिम साहेबसँग राखेर तेरो इमानदारी कामको सम्मान गर्न पनि आग्रह गर्ने छौँ । पोहोर साल तैँले पाउने पुरस्कार अर्कोलाई पर्‍यो । हामी एउटै घरको परिवार मन चिसो राख्न हुँदैन । सुब्बाको कुराले टंकबहादुरको वीरबहादुर मत्थरियो । र दुई दिनको बिदा लिएर घरतिर हाँकियो ।

टंकबहादुर कार्यसमय अगाडि नै कार्यालय आइपुग्यो । सूचना पाटीमा नयाँ कार्यालय आदेश झुन्डेको देखेर कौतूहल जाग्यो र त्यहाँ पुगेर हेर्दा झसङ्ग भयो । लगत्तै ऊभित्र एउटा उमङ्ग पसेर नाच्न थाल्यो । आफैँलाई परिवर्तन पायो । फेरिएको झैँ लाग्यो । उसको हिम्मत र सचेतनाले टुप्पो छुवायो । आफ्नै शरीरलाई छामेर भन्यो, 'गाँठे ! म पनि हान्ने गोरु पो भएछु । साह्रै सुधो गोरुलाई केटाकेटीले पनि जोत्छन् । गोरु जोतिनु मात्रै होइन, दुहुनो भैँसी र उसलाई छुट्याएर घाँस दिने गोठालोलाई दप्काउन पनि पर्दो रहेछ । फूलको सुवासमा कहिलेकाहीँ विष पनि घोलियो भने मालीले एकपल्ट सोच्न पर्थ्यो फूल टिप्नअघि ।' होहल्ला गरी कार्य व्यवधान गरेको हुनाले निज टंकबहादुरलाई दुर्गम क्षेत्रको कार्यालयमा स्थानान्तरण गरिएको छ भन्ने कार्यालयबाट आदेश निक्लेको थियो । यसरी सरुवा गराइएको थियो, टंकबहादुरलाई ।

टंकबहादुरले रमाना पत्र बुझ्यो । त्यो बेला सबै कर्मचारीहरू हलमा आएका थिए, मूर्ख टंकेले के गर्दो रहेछ भनेर । तर ऊ हाँस्दै हाकिमको कार्यालयबाट निस्केको देख्दा अन्यलाई असहज लाग्नु स्वाभाविकै थियो । ठिङ्ग उभिएर भन्यो 'सबैलाई सामूहिक प्रणाम ! मैले जे गरेँ, त्यो धेरैअघि नै गर्न पथ्र्यो । फलतः मैले लामो मानसिक पीडा भोगेँ । तर अर्को मनको चाक्लोमा खुसी छु, लाटो भएर यहाँको चरित्रहीनतालाई टिपोट गर्न पाएँ । म ती टिपोटहरू कुनै बेला पनि जस्तै विपरीत समयमा पनि मजाले वाचन गर्न सक्छु । यो अल्प बोल्ने बहादुर अलिक गफाडी भएर जाँदै छु, अर्का साथीहरूका माझ । तुच्छ सरुवा संस्कृतिले मेरो चेतनालाई कलम गर्न सक्तैन । बरु म जस्तै इमानदार पृष्ठभूमिमा यो चेतनाको बेर्ना सार्छु । कमिसनखोरी, भ्रष्टाचारी, नातावाद, कृपावाद र ढिलासुस्तीको विरुद्ध घाम छेकेर उठ्नेछन् न्याय प्रेमीहरू, एक दिन । म अनुनय गर्छु तपाईँहरूले पनि समयमै फेर्नुहोस् आफ्ना कार्य संस्कृतिलाई । र म सधैँ पर्याप्त रहनेछु राष्ट्र हितको सुकार्य गर्न ।' आकस्मिक ताली पड्कियो । आज टंकबहादुर एक डोको ओढ्ने ओछ्याउने बोकेर उकालो चढ्दै थियो, सरुवा भएको गन्तव्यतिर । बाबुहरू लगायत हाकिम समेतले ठोकेको ताली उपहासको थियो या समर्थनको... ? ताली सकारात्मक थियो या नकारात्मक मजा दुवैमा थियो । टंकबहादुरले डाँडाको थाप्लोमा डोको टेकाएर यस्तै सोच्यो, स्वच्छ हावासँग रम्दै । *-साहित्यपोष्ट डटकम*

# बिमा उपचार सेवा स्थगित गर्ने तयारीमा मिसन अस्पताल



**तानसेन,** साउन १२/सरकारले भुक्तानी नदिएपछि तानसेनस्थित युनाइटेड मिसन अस्पतालले स्वास्थ्य बिमाको उपचार सेवा स्थगित गर्ने भएको छ । अस्पतालले शुक्रबार पत्रकार सम्मेलन गरी लामो समयदेखि बीमितको उपचार गरेवापतको रकम भुक्तानी नपाएपछि साउन २१ गतेदेखि बिमा उपचार सेवा स्थगित गर्न लागिएको बताएको हो ।

अस्पतालले २०७४ बैशाखदेखि स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्दै आएकोमा स्वास्थ्य बिमा बोर्डले हालसम्म पनि नियमित तथा समयमै भुक्तानी नदिएको, बिना कारण दाविहरु अस्विकृत गर्ने गरेको, बोर्डको दररेट अस्पतालको दररेट भन्दा धेरै कम भएकाले आफुहरु बिमा उपचारको सेवा स्थगित गर्ने अवस्थामा पुगेको बताएको छ । अस्पतालकी निर्देशक डा.रचेल कारखले हालसम्मको बक्यौता रकमको भुक्तानीको साथै समय अनुसारको औषधी उपचारको मूल्य संमायोजन नभएमा बिमा उपचार सेवा पूर्ण रुपमा स्थगित गरिने बताइन् । बिमा बोर्डबाट उपचार वापतको रकम नपाउँदा अस्पतालमा कार्यरत चिकित्सकसहित स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई मासिक तलब खुवाउन, औषधी खरीद गर्न तथा उपचारका उपकरणहरु किन्न समस्या भएको अस्पतालका प्रशासकीय अधिकृत जीवन भट्टराईले गुनासो गरे ।

बिगत ६ वर्ष देखी पटक-पटक अस्पतालले स्वास्थ्य बीमा बोर्डलाई शुल्कको समायोजनको लागि अनुरोध गरे पनि बोर्डले चासो नदिदा बीमा कार्यक्रमको सेवा शुल्कले अस्पतालको दैनिक खर्च धान्न समेत गाह्रो हुने गरेको भट्टराईले बताए ।

बिमाबाट उपचार गराएबापत अस्पताललाई हालसम्मको १२ करोड ८३ लाख तिर्न बाँकी छ । उक्त बक्यौता रकम २०८० साउन २१ गतेसम्म भुक्तानी नगरेमा बीमाबाट हुने सबै किसिमका उपचार सेवा स्थगित गर्ने अस्पताले जनाएको छ । बोर्डले अस्पतालले दिएका सेवाहरुको दावी गर्न सक्ने समयावधि १५ दिन भएता पनि बिगत २ वर्ष सम्मका दावीहरुको भुक्तानी नगरेकाले अस्पताल सञ्चालनमा समस्या आएको पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ ।

## मासिँदै प्राचीन...

...'भूमिगत जल संरक्षण, सिँचाइ तथा अन्य प्रयोजनका लागि पोखरी अति आवश्यक छ । पोखरी संरक्षणले भूजलस्तर सदैव बनिरहन्छ', उनले भने, 'पोखरी विनाशले मानव जीवनसँगै पशुपक्षीको अस्तित्व पनि संकटमा छ । जलचरहरू घटदैछन्, पिउनेपानीको समस्या बढ्दो छ ।' 'देशमा संघीयताको अभ्यास सुरु भएपछि गठित शक्तिशाली स्थानीय सरकारले सार्वजनिक पोखरीको समस्या सुल्झाउने स्थानीय बासिन्दाको अपेक्षा थियो, बिडम्बना, हाम्रोमा ठ्याक्कै उल्टो भयो', सामुदायिक विपद् व्यवस्थापन समिति राष्ट्रिय सञ्जालका अध्यक्ष जगन्नाथप्रसाद कुर्मीले भने । 'अतिक्रमित जलाशय (गड्हा-पोखरी) र त्यहाँ बनेका संरचनाको तथ्याङ्क राख्नु त परको कुरा हो, स्थानीय सरकार आफैंले त्यसलाई मासेको उदेक लाग्दो छ', उनले भने, 'स्थानीय सरकार आएपछि अतिक्रमण झन्झन् बढेको छ ।' विसं २०७४ मा गठित स्थानीय सरकारले त मर्चवारलाई जलाशय मास्ने कार्यमा रुपन्देहीमै अग्रणी बनाएको बताउँदै उनले पीडा पाखे । सम्मरीमाई गाउँपालिका अध्यक्ष विनोदकुमार श्रीवास्तवले भने, 'जलाशय र वातावरणसम्बन्धी धेरै विषय संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीभित्र पर्ने भएकाले पनि तालमेल मिलाउन चुनौती छ', उनले भने, 'तर सबै प्रकारका जलाशय अतिक्रमण मेरो कार्यकाल सुरु हुनुभन्दा पहिलाको हो ।' यसको संरक्षणका विषयमा छलफल भइरहेको उनले बताए । 'कृषिको प्रमुख आधारको रूपमा रहेको सिँचाइ सेवाका लागि जलाशय निर्माण तथा पोखरी संरक्षण गर्ने कार्यलाई अगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइने छ । जलाशययुक्त आयोजनाको निर्माणबाट भूमिगत जलको पुन:भरण गरी जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने कार्य अघि बढाइने छ', लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम २०७८/७९ को ७१ नं बुँदामा उल्लेख छ । नीति तथा कार्यक्रम २०७९/८० को ११६ नं बुँदामा 'जलाशय निर्माण तथा पोखरी संरक्षणकार्यलाई प्रभावकारीरूपमा कार्यान्वयन गरिनेछ' र जलाशययुक्त आयोजनाको निर्माणबाट भूमिगत जलको पुन:भरण गरी जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गरिने कुरा ११७ नं मा तथा जलउत्पन्न प्रकोपको न्यूनीकरण र व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनेछ भन्ने कुरा ११९ नं बुँदामा उल्लेख छ ।

त्यसैगरी लुम्बिनी प्रदेश सरकारले एक गाउँ एक पोखरीको लक्ष्यलाई स्थापनाकालदेखि नै आफ्नो नीति तथा कार्यक्रममा निरन्तर समावेश गर्दै त्यसलाई प्राथमिकतामा राखे पनि केही प्राविधिक कारणवश लक्ष्यअनुरूप काम हुन नसकेको प्रदेश सरकारका प्रवक्ता तथा गृहमन्त्री सन्तोषकुमार पाण्डेले बताए । उनले भने, 'प्रदेश सरकारले यस पाँच वर्षे अवधिमा कम्तीमा पनि एक वडा एक पोखरी बन्छ ।'

## आज विश्व बाघ...

...यिनीहरूको संख्या घट्नुमा मुख्य कारण भनेको जंगल फडानीले गर्दा बास स्थलको कमी, मौसममा परिवर्तन, गैर कानुनी सिकारको उपज हो । यो प्रवृत्तिमा रोक ल्याउने हेतुले १३ मुलुकहरू संयुक्त रूपमा सक्रिय भएर लागेका छन् । भारत, नेपाल, भुटान, बङ्गलादेश, कम्बोडिया, चीन, लाओस्, म्यानमार, इन्डोनेसिया, थाइल्यान्ड, भियतनाम, मलेसिया र रुसको संयुक्त प्रयासमा बाघ संरक्षणका कार्यक्रमहरु अघि बढेका छन् ।

बाघको अस्तित्व जोगाइ राख्न हरेक वर्ष यो दिवस मनाउने गरिएको हो । जगंलको राजा भनिने बाघ सुगठित शरीर भएको बलियो र सुन्दर स्तनधारी जनावर हो । यो बिरालो परिवारको सबैभन्दा ठूलो प्रजाति हो । यो खाद्यचक्रको उपल्लो तहमा पर्छ । छालाको पहेंलो भुईंमा काला पाटाहरुले बाघ आकर्षक देखिन्छ र प्रत्येक बाघमा पाटाहरु फरक-फरक हुन्छन् । यसका पञ्जा ठूला र बलिया हुन्छन् ।

### खेलकुद समाचार

## आयरल्याण्ड र स्कटल्याण्ड टी-२० विश्वकपमा छनोट




**काठमाडौं,** साउन १२/आयरल्याण्ड र स्कटल्याण्ड अर्को वर्ष वेष्ट इन्डिज र अमेरिकामा आयोजना हुने आईसीसी टी-२० विश्वकपमा छनोट भएका छन् । युरोपियन क्षेत्रको छनोटमा बिहीबार आफू अनुकूल नतिजा आएपछि दुवै टोलीले लिग चरणको अन्तिम खेल अगावै विश्वकपमा स्थान पक्का गरेका हुन् ।

बिहीबार जर्मनी विरुद्धको खेल वर्षाका कारण रद्द भएपछि आयरल्याण्ड विश्वकपमा छनोट हुने १३औं टिम बन्यो । बिहीबारै भएको खेलमा स्कटल्याण्डले डेनमार्कलाई ३३ रनले पराजित गर्दै विश्वकप छनोट हुने १४औं टिम बनेको हो । ७ टिम सहभागी युरोपियन छनोटमा स्कटल्याण्ड शतप्रतिशत जितसहित १० अंक जोडेर शीर्ष स्थानमा छ । अर्को अपराजित टिम आयरल्याण्ड ९ अंकसहित दोस्रो स्थानमा छ । २०२४ मा हुने टी-२० विश्वकपमा कूल २० टोलीले प्रतिस्पर्धा गर्नेछन् । सहभागी टोलीलाई ५ टिम रहेको चार समूहमा विभाजन गरिनेछ । वेष्ट इन्डिज र अमेरिका आयोजकको रुपमा सिधै छनोट हुँदा गत वर्षको टी-२० विश्वकपमा उत्कृष्ट ८ मा रहेका इंग्ल्याण्ड, पाकिस्तान, अष्ट्रेलिया, भारत, न्युजिल्याण्ड, दक्षिण अफ्रिका, श्रीलंका र नेदरल्याण्ड्स पनि सिधै छनोट भएका छन् । यस्तै २०२२ नोभेम्बरको टी-२० वरीयतामा माथि रहेका अफगानिस्तान र बंगलादेश पनि सिधै छनोट भइसकेका छन् । बाँकी ८ स्थानका लागि टी-२० विश्वकपमा युरोप, एसिया र अफ्रिकाबाट २-२ तथा अमेरिका र इस्ट एसिया प्यासिफिक क्षेत्रबाट १-१ टिम छनोट हुने प्रावधान छ । एसिया क्षेत्रको अन्तिम चरणको छनोट आगामी नोभेम्बर पहिलो साता नेपालमा हुँदैछ ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## पहिरो पीडितलाई रिब्दीकोटको सहयोग



**कृष्ण पोखरेल**

**पाल्पा,** साउन १२/जिल्लाको रिब्दीकोट गाउँपालिकाले पहिरो पीडित परिवारलाई नगद र खाद्यन्न सहयोग गरेको छ ।

साउन ९ गते गाउँपालिकाको वडा नं ८ फेक लुम्वासका कर्णबहादुर बम्रेलको टिनले छाएको गोठ पहिरोले बगाएको थियो । गोठ पहिरोले बगाउँदा लैनो भैसी, पाडी, दुई वटा गोरु पुरिएर मरेका थिए । पहिरो पीडित कर्ण बहादुरको घरमै पुगेर गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्की, उपाध्यक्ष कान्ता अधिकारी, निमित्त प्रमुख प्रशासकीय अधिकृत मणिप्रसाद खनाल, प्रशासन प्रमुख रुकलाल भट्टराईले क्षतिको अवस्था, हालको बसाईको अवस्था, खानपान, बसोवासको बारेमा जानकारी लिएका छन् । पहिरो पीडित बम्रेललाई गाउँपालिकाको टोलीले दुई बोरा चामल, ५ केजी दाल, त्रिपाल र नगद १० हजार सहित राहत प्रदान गरेका छन् । राहत सहयोग प्रदान गर्दै गाउँपालिका अध्यक्ष कार्कीले स्थानीय सरकार भनेको घरदैलोको सरकार भएकाले, जनताको दु:ख, सुखमा हेर्ने सहयोग र साथ दिने स्थानीय सरकार नै भएकाले पीडामा केही भएपनि सहयोग होस् भन्ने उद्देश्यले घरमै आई सहयोग गरेको बताए । राहत सहयोग लिदै पहिरो पीडित बम्रेलले घरमै आई स्थानीय सरकारले नगद र खाद्यान्य सहयोग गरेर आफुलाई परेको दु:खप्रति सहयोग र साथ दिएकोमा स्थानीय सरकारलाई धन्यवाद दिए । उनले सहयोग आफ्नो लागि ठूलो भएको बताए । बम्रेलको पहिरोबाट ५ लाख भन्दा बढी क्षति भएको छ ।

## बैंकबाट ऋण लिँदा प्यान अनिवार्य

**पाल्पा,** साउन १२/अब बैंक तथा वित्तीय संस्थाहरुबाट २५ लाख वा सोभन्दा बढी ऋण रकम लिँदा स्थायी लेखा नम्वर (प्यान) अनिवार्य लिएको हुनुपर्ने भएको छ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई निर्देशन जारी गर्दै यस्तो व्यवस्था गरेको हो ।




यसअघि ५० लाख वा सोभन्दा बढी रकम लिएकाले मात्रै प्यान लिनुपर्ने व्यवस्था थियो । त्यस्तै समूहगत रुपमा कर्जा लिनु परे पनि २५ लाखभन्दा माथिको लागि प्यान अनिवार्य गरिएको छ । ऋणीले स्थायी लेखा नम्बर लिएको हुनुपर्ने सम्बन्धमा बैंक तथा वित्तीय त्यस्तै, ऋणी एउटै समूह अन्तर्गत पर्ने भएमा त्यस्तो समूहले २५ लाख वा सोभन्दा बढी रकमको कर्जा लिएको अवस्थामा पनि अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिएको हुनुपर्ने संशोधनमा उल्लेख छ ।

## कर्मचारी आवश्यकता

**प्रकाशित मिति : २०८०/०४/१२**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई, पाल्पाको च.नं. ४३, मिति २०८०/०४/१२ को विज्ञापन अनुमति पत्रानुसार यस विद्यालयको विद्यालय सहायक कर्मचारीको लागि अस्थायी करार पदमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नं.** : ०१/२०८०/०८१, **पद** : कार्यालय सहायक
**संख्या** : १ (एक), **नियुक्तीको किसिम** : करार
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : नेपाल सरकारले तोके बमोजिम
**शैक्षिक योग्यता** : व्यवस्थापन विषयमा +२ उत्तीर्ण वा सो सरह ।
(कम्प्युटरमा लेखा प्रणाली राख्न सक्ने)
**निवेदन दस्तुर** : रु.५००/-
**दरखास्त दिने अन्तिम मिति** : २०८०/०४/२६ गते
**सर्म्पक मिति** : २०८०/०४/२६ गते ४ बजे पछि
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ ।
**आवश्यक कागजातहरु** : व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
**सम्पर्क नं.** : ०७५-५२०४२८, ९८५७०६०६५१

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
तानसेन-२, पाल्पा

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई